# संदेष्टा मुहम्मद
## (सल्लल्लाहु अलैही वसल्लम)

For a complete list of flyers click here
or visit us online

www.**islamic**ic.com/flyers

سبيلك للسلام

*Your Path To Peace..*

# संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम)

7 - NEPALI | (3/10) النبي محمد عليه الصلاة والسلام | FREE COPY

## यो महापुरुष लाई तपाइँ ले चिन्नु हुन्छ


Dar Al Ber Society
www.daralber.ae

Your Path To Peace..

مركز المعلومات الإسلامي
Islamic Information Center
www.islamicic.com

تصريح رقم: (2017/139) دائرة الشؤون الأسلامية والعمل الخيري

# मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) को हुनुहुन्छ ?

मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) संदेष्टा हरुको लामो श्रृंखला मध्येको अन्तिम संदेष्टा हुनुहुन्छ जसलाई एक मात्र ईश्वर (जसलाई अरबी भाषामा अल्लाह भनिन्छ) को आज्ञापालन र उपासना तिर मानिसहरुलाई डाक्न पठाइएको हो भन्ने मुस्लिमहरुको आस्था रहेको छ । यी संदेष्टाहरुमा आदम, नूह, इब्राहीम, इस्माइल, इसहाक, याकूब, युसुफ, मूसा (मोसा), दाऊद, र ईसा (येशु) (उहाँ सबै माथि शान्ति होस्) आदि सामेल छन् । जस्तै मोसा लाई तौरात (मोसा लाई प्रदान गरिएको सक्कली र भ्रस्ट नपारिएको अलौकिक ग्रन्थ) को साथमा र ईसा (येशु) लाई गोस्पेल (अहिलेको गोस्पेल नभएर बरु त्यो सक्कली र भ्रस्ट नपारिएको अलौकिक ग्रन्थ) को साथमा पठाए झैं मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) लाई अलौकिक संदेश कुरानको साथमा पठाइएको थियो ताकि उहाँले यसको शिक्षालाई कसरी लागू गर्नु पर्छ भन्ने कुरालाई प्रदर्शन गर्नु होस् ।

"निश्चय नै अल्लाहको संदेष्टामा तिमीहरुको लागि चरित्रको सबैभन्दा राम्रो उदाहरण छ तर यो उसको लागि मात्र हो जसले अल्लाह र अन्तिम दिन माथि आशा राख्दछ र अल्लाह लाई धेरै सम्झन्छ ।" (कुरान ३३ :२१)

एक पटक मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) को पत्नि आइशा (रजि अल्लाह अनहा) लाई कसैले मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) को बारेमा व्याख्या गर्न भन्दा उहाँले भन्नुभयो मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) "जिउँदो कुरान" हुनुहुन्छ अर्थात् उहाँले ध्यानपूर्वक कुरानका महान शिक्षाहरु लाई आफ्नो दैनिक जीवनमा लागू गर्नु भएको थियो । उहाँले ती शिक्षाहरुलाई आफ्नो जीवनमा कसरी लागू गर्नु भएको थियो भन्ने कुराको हामीले अगाडि वर्णन गर्नेछौं ।

# दयाको रुपमा पठाइएको

मानिसलाई नमाज पढ्न (प्रार्थना गर्न), रोजा (व्रत) बस्न र दान दिन आव्हान गर्नुको साथसाथै संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) ले मानिसको ईश्वर प्रतिको आस्थाले उसले अरु प्रति गर्ने व्यवहार लाई पनि प्रभावित गर्छ भन्ने कुरा सिकाउनु हुन्थ्यो । उहाँले भन्नुभयो, **"तिमीहरु मध्ये सबै भन्दा राम्रो त्यो व्यक्ति हो जसको चरित्र (व्यवहार) सबै भन्दा राम्रो छ । "**

मैले (ईश्वरले) निश्चय नै तपाईं लाई (हे मुहम्मद) सम्पूर्ण संसारको लागि दया बनाएर पठाएको छु (कुरान २१ :१०७)

संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) को विभिन्न भनाइहरुले आस्था र कर्म बीचको सम्बन्ध माथि जोड दिन्छ । उदाहरण को लागि उहाँले भन्नुभयो, **"जसले पनि अल्लाह र अन्तिम (न्यायको) दिन माथि आस्था राख्दछ उसले आफ्नो छिमेकी लाई नोक्सान नपुर्याओस, र जसले पनि अल्लाह र अन्तिम (न्यायको) दिन माथि आस्था राख्दछ उसले उदारता साथ आफ्नो पाहुनाको आथित्य सत्कार गरोस र जसले पनि अल्लाह र अन्तिम (न्यायको) दिन माथि आस्था राख्दछ उसले बोल्दा जहिले पनि राम्रो बोलोस् नत्र भने चुप रहोस् ।"**

अल्लाहको आखिरी संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) ले मानिसलाई दया गर्न र एक अर्कालाई सम्मान गर्न सिकाउनु भयो । उहाँले भन्नु भयो, **"जसले अर्का माथि दया गर्दैन उसको माथि (अल्लाह द्वारा) दया गरिदैन ।"**

एउटा अर्कै बयान अनुसार केही व्यक्तिले अल्लाहका संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) लाई अल्लाहको इन्कार गर्नेहरु माथि अल्लाहको प्रकोप अवतरित होस् भनी प्रार्थना गर्न अनुरोध गर्दा उहाँले जवाफ दिनुभयो, **"म अरुलाई सराप्न हैन बरु (सबैको लागि) दया बनाएर पठाइएको छु ।"**

# क्षमा

संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) सबै मानिसहरु भन्दा बढी क्षमाशील र दयालु हुनुहुन्थ्यो । यदि कसैले उहाँलाई गाली गरे उहाँले क्षमा गर्नु हुन्थ्यो र एउटा व्यक्ति जति नै कडा भएर प्रस्तुत हुन्थ्यो उहाँ त्यति नै धैर्यवान बन्नु हुन्थ्यो । उहाँ अत्यन्तै उदार र क्षमाशील हुनुहुन्थ्यो खासतौर मा तब जब कि उहाँ बलियो स्थिति मा हुनुहुन्थ्यो र बदला लिने शक्ति राख्नु हुन्थ्यो । मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) ले जहिले पनि क्षमा गर्नुहुन्थ्यो र उहाँ प्रति गरिने कुनै पनि अपराध वा आघात यति ठूलो हुँदैनथ्यो जसलाई उहाँले क्षमा गर्न नसक्नुहोस् । तल दिएको कुरानको पंक्ति झैं उहाँ क्षमा र दयाको सर्वोत्तम् उदाहरण हुनुहुन्थ्यो :

उनीहरुले क्षमा गरुन् र (गल्तीलाई) बेवास्ता गरुन्, के तिमीले चाहँदैनौ कि अल्लाहले पनि तिमीहरु लाई क्षमा गरुन् ? निश्चय नै अल्लाह अत्यन्त क्षमाशील र धेरै दयावान हुनुहुन्छ .
(कुरान २४ : २२)

**क्षमा गरिराख (हे मुहम्मद) र राम्रो काम गर्ने आज्ञा देऊ र मुर्खहरु बाट टाढा बस । (कुरान ७ : १९९)**

# समानता

आफ्नो एउटा भनाइमा संदेष्टा (सल्लल्लाहु अलैही वसल्लम) ले सबै मानवहरु बराबर छन् भन्ने कुरा सिकाउनु भएको छ । उहाँले भन्नु भयो, **"सबै मानिसहरु आदम बाट आएका हुन् र आदम माटोबाट आएका हुन् । त्यसैले कुनै पनि अरबी लाई कुनै गैर-अरबी माथि श्रेष्ठता छैन न त कुनै सेतो नसल लाई कुनै कालो नसल माथि तर मात्र तकवा (को कारणँले भए) बाहेक ।"**

**"अल्लाहले तिमीहरुलाई तिम्रो स्वरुप र तिम्रो धनको आधारमा जाँच्दैन बरु उसले तिम्रो दिल (को नीयत) र तिम्रो कर्मलाई हेर्दछ ।"**

निश्चय नै अल्लाहको नजरमा तिमीहरु मध्ये सबैभन्दा सम्मानीय ऊ हो जो सित सबैभन्दा बढी तकवा (ईश्वर को भय) छ ।
(कुरान ४९ :१३)

एउटा बयान अनुसार सदेष्टा (सल्लल्लाहु अलैही वसल्लम) को एउटा सहाबा (शिष्य) ले अर्को लाई नराम्रो शब्द "काली आमाको छोरा" भनेर गाली गरे । त्यो सुनेर संदेष्टा (सल्लल्लाहु अलैही वसल्लम) रिसाउनु भयो र भन्नु भयो,पूर्वकालको अज्ञानताको अवशेष बाँकी छ ।"

**"उसको आमा काली भएको हुनाले तिमीले उसलाई होच्याएर गाली गर्छौ ? तिमीमा अझै पनि इस्लाम भन्दा पूर्वकालको अज्ञानताको अवशेष बाँकी छ ।"**

## सहिष्णुँता

राम्रो कर्म र नराम्रो कर्म बराबर हुँदैनन् । दुष्टता को जवाफ राम्रोपनाले देऊ, अनि तिमीले तिम्रो शत्रु एउटा विश्वासिलो मित्रमा परिणत भएको पाउनेछौ । (कुरान ४१ :३४)

**"जसले तिमीसित दुष्टता गरेका छन् तिमीले उनीहरुसित दुष्टता नगर बरु तिमीले उनीहरुसित क्षमा र दयाले व्यवहार गर ।"** अल्लाहका आखिरी संदेष्टा (सल्लल्लाहु अलैही वसल्लम) ले आफू माथि गरिएको हमला र गालीहरुको जवाफ यसरी दिनु हुन्थ्यो । इस्लामका श्रोतहरुमा यस्ता विभिन्न घटनाहरुको वर्णन छ जसमा संदेष्टा (सल्लाहू अलैही वसल्लम) सित आफू प्रति अत्याचार गरेका व्यक्तिहरुसित बदला लिने मौका थियो । तर उहाँले त्यसो गर्नु भएन ।

उहाँले कठिनाइको समयमा मानिस लाई धैर्य गर्ने पाठ सिकाउनु भयो । उहाँले भन्नु भयो, **" बलियो मानिस ऊ हैन जसले ताकत प्रयोग गरेर अरुलाई जित्छ बरु बलियो मानिस ऊ हो जसले रिसको बेला आफूलाई नियन्त्रणँमा राख्छ ।"**

धैर्य र सहिष्णुता धारण गर्नु को अर्थ मुस्लिमले आफू माथि आकमणको बेला दब्बुपन देखाउनु र अफ्नो रक्षा पनि नगर्नु भन्ने हैन । संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) ले भन्नु भएको छ, **" शत्रुलाई भेट्टाउने इच्छा नगर तर यदि तिमीले भेट्टायौ भने धैर्य धारणँ गर (दृढ होऊ) ।"**

## नम्रता

"अल्लाहको दयाले तिमी अरु प्रति नम्र छौ ; यदि तिमी कडा व्यवहार र कठोर हृदयको हुन्थ्यौ भने तिनीहरु ( तिम्रो साथ रहेका व्यक्तिहरु) तिमीबाट टाढा भाग्ने थिए ।" (कुरान ३ :१५९)

मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) लाई १० वर्ष सम्म सेवा गर्ने एक जना सहाबा (साथी / शिष्य) ले मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) ले उहाँसित संधै नम्र व्यवहार मात्र गरेको भनी बयान गर्नु हुन्छ । उहाँले भन्नु भयो, **"मैले कुनै काम गर्दा उहाँले कहिल्यै पनि मेरो काम गर्ने तरीका माथि प्रश्न उठाउनु भएन र मैले कुनै काम नगर्दा उहाँले कहिल्यै पनि मैले त्यसो किन गरिन भनि मलाई सोध्नु भएन । उहाँ मानिसहरुमा सबै भन्दा बढी दयालु हुनुहुन्थ्यो ।"**

एक पटक एउटा मानिसले अपमानजनक व्यवहार गर्दा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) की श्रीमती ले रिसाएर प्रतिकिया गर्नु भयो ।

मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) ले उहाँलाई अर्ती दिंदै भन्नु भयो, "हे आइशा ! नम्र र शान्त होऊ किनभने अल्लाहले हरेक मामिलामा नम्रता मन पराउनु हुन्छ ।"
उहाँले यो पनि भन्नुभयो, "नम्रता देखाऊ ! किनभने यदि कुनै कुरामा नम्रता पाइन्छ भने यसले त्यो कुरालाई सुन्दर बनाउँछ तर यदि यसलाई कुनै कुराबाट भिकाइयोस भने यसले त्यो कुरालाई अपूरो (त्रुटिपूर्ण) बनाउँछ ।"

# विनय ( घमण्ड नभएको )

संदेष्टा (सल्लल्लाहु अलैही वसल्लम) ले आफूलाई देख्दा सम्मानपूर्वक उभिन अरुलाई मनाही गर्नुहुन्थ्यो । कुनै सभामा जता खाली ठाउँ भेट्टाए उहाँ त्यहीं बस्नु हुन्थ्यो र कहिल्यै पनि आफ्नो लागि कुनै विशेष अथवा उँचो ठाउँ खोज्नु हुँदैनथ्या । उहाँले कहिल्यै पनि आफ्नो सहाबा (साथीहरु) भन्दा टुट्छ अथवा उच्च पद को देखा पर्नेगरी कुनै पोशाक लगाउनु हुँदैनथ्यो । उहाँ गरीब र असहायको साथमा बस्नुहुन्थ्यो र विधवाहरुलाई सहायता गर्नुहुन्थ्यो । जसले उहाँलाई चिन्दैनथ्यो उसले उहाँलाई सभाका बाँकी व्यक्तिबाट छुट्याउन सक्दैनथ्यो ।

" र सबैभन्दा कृपालु (अल्लाह) का दास उनीहरु हुन् जो धर्तीमा विनयपूर्वक घ(मण्ड नगरिकन) हिछ्डंन् र जब कुनै अज्ञानीले उनीहरुसित नसुहाउँदो (अज्ञानतापूर्ण) कुरा गर्छ भने उनीहरुले " सलाम ( तिमीमाथि शान्ति होस्)" भन्दछन् ।"
(कुरान २५ :६३)

आफ्नो सहाबाहरुलाई सम्बोधित गर्दै उहाँले भन्नु भयो, " तिमीहरु विनम्र होऊ भन्ने कुरा अल्लाहले मलाई जाहेर गर्नु भएको छ । कसैले अरुसित गर्व गरेर (सेखी गरेर) नबोल्नु न त कसैले अरुलाई दमन गर्नु ।"

उहाँको विनम्रता यस्तो थियो कि उहाँलाई डर थियो कतै उहाँको पूजा शुरु नहोस् जो कि (पूजा गरिनु) ईश्वरको लागि मात्र सुहाउँदो कुरो हो ।

उहाँले भन्नु भएको थियो, "इसाईहरुले मरियम पुत्र ईसा (येशु) लाई गरे भैं तिमीहरुले मेरो प्रशंसा गर्दा सीमा नलाघ्नु ।. म मात्र ईश्वरको सेवक हुँ ; त्यसैले मलाई अल्लाहको दास र संदेष्टा भन्नु ।"

# एउटा आदर्श श्रीमान

संदेष्ट (सल्लल्लाहु अलैही वसल्लम) की प्यारी श्रीमती आइशाले आफ्नो आदर्श श्रीमान को बारेमा बयान गर्दै भन्नु भयो, " उहाँले जहिले पनि घरको काममा सघाउनु हुन्थ्यो र कतिपय आफ्नो लुगा धुनु हुन्थ्यो, आफ्नो जुत्ता सिउनुहुन्थ्यो र घरमा कुचो लगाउनु हुन्थ्यो । उहाँले जनावरहरुको दूध निकाल्ने, उनीहरुको रक्षा गर्ने र उनीहरुलाई खुवाउने काम गर्नु हुन्थ्यो र घरको कामकाज गर्नुहुन्थ्यो ।"

"र तिनीहरु (आफ्ना श्रीमतीहरु) को साथमा दयालु तरीकाले बस ।"
(कुरान ४ :१९)

उहाँ एउटा समर्पित श्रीमान हुनुहुन्थ्यो र आफ्नो सहाबाहरु लाई पनि आफ्नो अनुसरण गर्न प्रोत्साहित गर्नुहुन्थ्यो । उहाँले भन्नु भयो, "आस्थामा सर्वोत्तम आस्थावानहरु ती हुन् जो नैतिकतामा सर्वोत्तम छन् र उनीहरु मध्ये सर्वोत्तम ती हुन् जो आफ्ना श्रीमतीहरु प्रति (व्यवहारमा) सबैभन्दा राम्रा छन् ।"

# एउटा आदर्श नमूना

"नि:संदेह तपाईं (हे मुहम्मद) उच्च आचरणको हुन ।"
(कुरान ६८ :४)

माथि उल्लेख गरिएका कुराहरु मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) ले आफ्नो जीवन कसरी बाँच्नुभयो भन्ने कुराको एउटा झलक मात्र हो । संचार माध्यममा इस्लामको चित्रण र निरन्तर गलत प्रस्तुतिकरणले गर्दा माथि उल्लेखित दया र करुणाका उदाहरणहरु पढ्दा कतिपय व्यक्तिलाई आश्चर्य लाग्ला ।

इस्लामको बारेमा बुझ्न खोज्दा सोझै इस्लामका श्रोतहरु अर्थात् कुरान र संदेष्टा मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) को प्रमाणित भनाइ र गराइ लाई आधार बनाउनु पर्छ तथा केही मुस्लिमहरुले गर्ने गलत कार्यहरुको आधारमा इस्लामको बारेमा राय कायम गर्नुहुँदैन भन्ने कुरा बुझ्न जरुरी छ ।

# गैर-मुस्लिमहरुका टिप्पणी

भारतीय स्वतन्त्रता संग्रामको एउटा मुख्य राजनैतिक तथा आध्यात्मिक अगुवा मोहनदास करमचन्द गांधी (महात्मा गांधी) ले मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) को बारेमा टिप्पणी गर्दै भन्नुभयो, "तलवारले हैन बरु संदेष्टा (सल्लल्लाहु अलैही वसल्लम) को सरलता, अत्याधिक विनम्रता, आफ्ना वाचाहरु प्रतिको इमानदारिता, आफ्ना साथीहरु र अनुयायीहरु प्रति अत्यधिक समर्पण, उहाँको वीरता, उहाँको निर्भयता, ईश्वर र आफ्नो ध्येय माथि उहाँको पूर्ण विश्वासले उहाँलाई यति धेरै सफल गरायो र उहाँका हरेक बाधा अड्चन माथि विजय दिलायो ।"

ब्रितानी नाटककार जियोर्ज बर्नाल्ड शा ले घोषित गरे, "यो संसारलाई मुहम्मद (सल्लल्लाहु अलैही वसल्लम) जस्तो सोच भएको व्यक्तिको धेरै नै आवश्यकता छ । आफ्नो अज्ञानता र पूर्वाग्रहले गर्दा मध्यकालका धार्मिक व्यक्तिहरुले मुहम्मदलाई धेरै नै नराम्रो तरीकाले चित्रण गरेका छन् किनभने उनीहरुले उहाँलाई ईसाई धर्मको शत्रु सम्झन्थे । तर यो मानिसको कथा नियाल्दा मैले त्यो आश्चर्यजनक र चमत्कारी पाएँ र म यो निस्कर्षमा पुगें कि उहाँ कहिल्यै पनि ईसाई धर्मको शत्रु हुनुहुँदैनथ्यो बरु उहाँलाई मानवताको मुक्तिदाता भन्नुपर्ने हो । मेरो विचारमा यदि उहाँलाई आज संसारमाथि नियन्त्रण दिने हो भने उहाँले हाम्रो समस्याहरु समाधान गर्नुहुन्थ्यो र त्यो शान्ति र खुशीलाई स्थापित गर्न सफल हुनुहुन्थ्यो जसको संसारले चाहना गरिरहेको छ ।"

www.islamicic.com WhatsApp +97156 2042 045
+971 4 3555 223 info@islamicic.com 25020 Dubai - UAE islamicicdxb
DONATIONS VIA SMS: SEND THE WORD "ISLAM" TO
10 AED 2289 Etisalat Du
50 AED 2252 Etisalat Du
100 AED 6027 Etisalat Du